**२०७९ साल असोज ०२ गते आइतबार साँझ ५:०० बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्न बमोजिम छन् -**

१. **आन्तरीक मामिला, कानुन तथा सञ्चार मन्त्रालयः** पदक सिफारिस स्वीकृत गर्ने,

२. तत्कालिन कानून, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट आ.ब.२०७८/०७९ मा विभिन्न योजना तथा कार्यक्रम सम्पन्न भएपनि योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा प्राविधिक वा अन्य कारणबाट समयमा रकम भुक्तानी हुन नसकेको वा आंशिक भुक्तानी भई केहि रकम भुक्तानी हुन बाँकी रहेको रकम प्रदेश सरकारमा दायित्व रहेको भनि प्राप्त निवेदन तथा सूचनालाई सम्बोधन गर्न कार्यसम्पन्न भएका योजना तथा कार्यक्रमको आवश्यकता अनुसार स्थलगत अनुगमन गर्ने, प्राप्त कागजात अध्ययन विश्लेषण गर्ने लगायत प्रचलित कानून अनुसार भुक्तानी दिन उपयुक्त हो/होइन निक्र्यौल गरी भुक्तानी दिनुपर्ने रकम समेत किटान गरी दश (१०) दिन भित्रमा सम्बन्धित माननी मन्त्री समक्ष प्रतिवेदन पेश गर्न कार्यदल गठन गर्ने।

३. उक्त कार्यदलको प्रतिवेदनलाई सम्बन्धित मन्त्रालले प्रदेश कोष तथा लेखा नियन्त्रक समक्ष पठाउने र प्रदेश कोष तथा लेखा नियन्त्रकबाट मिति २०७९ श्रावण ३१ गतेको प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार भुक्तानी दिन बाँकी रकम प्रमाणिकरण गरी सम्बन्धित मन्त्रालयमा पठाउने ।

४. तत्कालिन कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालयबाट आ.ब.२०७८/०७९ सम्ममा शीतभण्डार लगायत विभिन्न योजना तथा कार्यक्रम सम्पन्न भएपनि योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा प्राविधिक वा अन्य कारणबाट समयमा रकम भुक्तानी हुन नसकेको वा आंशिक भुक्तानी भई केहि रकम भुक्तानी हुन बाँकी रहेको रकम प्रदेश सरकारमा दायित्व रहेको भनि प्राप्त निवेदन तथा सूचनालाई सम्बोधन गर्न कार्यसम्पन्न भएका योजना तथा कार्यक्रमको आवश्यकता अनुसार स्थलगत अनुगमन गर्ने, प्राप्त कागजात अध्ययन विश्लेषण गर्ने लगायत प्रचलित कानून अनुसार भुक्तानी दिन उपयुक्त हो/होइन निक्र्यौल गरी भुक्तानी दिनुपर्ने रकम समेत किटान गरी पन्ध्र (१५) दिन भित्रमा सम्बन्धित माननी मन्त्री समक्ष प्रतिवेदन पेश गर्न कार्यदल गठन गर्ने।

५. उक्त कार्यदलको प्रतिवेदनलाई सम्बन्धित मन्त्रालले प्रदेश कोष तथा लेखा नियन्त्रक समक्ष पठाउने र प्रदेश कोष तथा लेखा नियन्त्रकबाट मिति २०७९ श्रावण ३१ गतेको प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार भुक्तानी दिन बाँकी रकम प्रमाणिकरण गरी सम्बन्धित मन्त्रालयमा पठाउने ।